मितिः २०८३।०१।१०

श्रीमान् निर्देशकज्यू,
नेपाल प्रहरी प्रधान कार्यालय साइबर ब्युरो,
भोटाहिटी, काठमाडौं ।

**विषयः <u>सामाजिक सञ्जालमा सार्वजनिक शान्ति, नैतिकता, शिष्टाचार विरुद्ध, घृणा र द्वेष फैलाउने सामग्री प्रकाशन गरी गैरकानूनी कार्य गर्ने व्यक्तिलाई कानून बमोजिम कारबाही गरीपाऊँ ।</u>**

महोदय,

उपरोक्त सम्बन्धमा म उजुरीकर्तालाई देहाय बमोजिमको साइबर अपराध सम्बन्धी घटना भएकाले विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ र यसमा आकर्षित हुने अन्य प्रचलित कानून समेत बमोजिम अनुसन्धान गरी दोषीलाई हदैसम्म कारबाही गरी पाऊँ भनी निम्न बमोजिमको उजुरी लेखी पेश गरेको छु।

**<u>निम्नः</u>**

**१. उजुरीकर्ताको Original ID/URL:** https://www.facebook.com/ncranjeetkarn

**२. घटना भएको विवरणः** फोटो र फेसबुक पोस्ट

**३. घटनाको माध्यम/सञ्जालः** फेसबुक

**४. घटना गराउनेको ID/URL:**

(क) https://www.facebook.com/ardhapagal73

(ख) https://www.facebook.com/profile.php?id=61561109864045

**५. घटनाको छोटकरी विवरणः**

**क)** फेसबुकमा Ardhapagal नाम भएको फेसबुक पेजले मिति २०८३।०१।०९ बुधबार का दिन फेसबुक प्रोफाइलमा म निवेदकको तस्वीर र नाम राखेर अनाधिकृत रुपमा सार्वजनिक नैतिकता र शिष्टाचार विरुद्धको गैरकानूनी पोस्ट गरेको छ । यसै निवेदनसाथ संलग्न समेत गरिएको निजको फेसबुक पोस्टको क्याप्सनमा *“सरकारले विद्यार्थी संगठन हटाउने भनेपछि रञ्जित कर्णले*

*भने 'ख'बरदार बालेन जी म तपाईंको बालुवाटारमा आ'गो लगाइदिन्छु भने"* भनी भ्रामक व्यहोरा साथै म निवेदकको तस्विर समेत अनधिकृत रुपमा प्रयोग गरी सार्वजनिक नैतिकता र शिष्टाचार विरुद्धको गैरकानूनी पोस्ट गरेको छ । निजको फेसबुक पोस्टको लिङ्क https://www.facebook.com/share/p/1B1M1qHqVU/ रहेको छ ।

**ख)** साथै फेसबुकमा Silung HD (नेपाल) नाम भएको फेसबुक पेजले मिति २०८३।०१।०९ गते बुधबारका दिन फेसबुक प्रोफाइलमा म निवेदकको तस्वीर र नाम राखेर अनाधिकृत रुपमा सार्वजनिक नैतिकता र शिष्टाचार विरुद्धको गैरकानूनी पोस्ट गरेको छ । यसै निवेदनसाथ संलग्न समेत गरिएको निजको फेसबुक पोस्टको क्याप्सनमा *"सरकारले विद्यार्थी संगठन हटाउने भनेपछि रञ्जति कर्णले भने 'ख'बरदार बालेन जी म तपाईंको बालुवाटारमा आ'गो लगाइदिन्छु भने"* भनी भ्रामक व्यहोरा साथै म निवेदकको तस्विर समेत अनधिकृत रुपमा प्रयोग गरी सार्वजनिक नैतिकता र शिष्टाचार विरुद्धको गैरकानूनी पोस्ट गरेका छ । निजको फेसबुक पोस्टको लिङ्क https://www.facebook.com/share/p/14a3XRdJwLV/ रहेको छ ।

**ग)** निज कसूरदार पेजहरूले दाबी गरेजस्तो म उजुरकर्ताले कुनै अभिव्यक्ति दिएको छैन । मैले आगो लगाइदिन्छु भनी बोलेको भिडियो, अडियो, साक्षी, प्रमाण केही पनि निजहरूसँग छैन किनकी मैले त्यस्तो केही बोलेकै छैन । मैले बोल्दै नबोलेको कुरालाई मनगढन्ते, कपोल्कल्पित, अनुमानका भरमा मेरो बेइज्जती गर्ने र सार्वजनिक नैतिकता एवम् आचरणका विरुद्ध अभिव्यक्ति फैलाई म विरुद्ध सार्वजनिक घृणा र द्वेष फैलाउने उद्देश्यका साथ कसूरदारहरूले उक्त बेनामी पेजको आवरणमा साइबर क्राइमको अपराध गरेका छन् । ती फेसबुक पेजको पोस्टमा आएका असङ्ख्य कमेन्ट समेत म विरुद्ध घृणा र द्वेष फैलाउने किसिमका भएकाले उल्लिखित पेज सञ्चालक व्यक्तिहरूले मेरो सार्वजनिक चरित्रमाथि आघात पुऱ्याई म विरुद्ध घृणा फैलाउने आपराधिक मनसायका साथ उक्त कार्य गरेको स्पष्ट रहेको छ । निजहरूको उक्त कार्य विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ विरुद्धको आपराधिक कार्य भएको तथ्य प्रथमदृष्टिमै प्रमाणित छ ।

**घ)** उक्त फेसबुकमा Ardhapagal साथै Silung HD (नेपाल) नाम भएको फेसबुक पेज मार्फत म उजुरीकर्ताको नाम, तस्वीर र पहिचान प्रयोग गरी सार्वजनिक रूपमा पोस्ट प्रकाशन गरी सार्वजनिक शान्ति नैतिकता र शिष्टाचार विरुद्धको आपराधिक कार्य गरेका छन् । निजहरुले प्रयोग गरेको

फेसबुकजस्तो सामाजिक सञ्जाल विश्वव्यापी पहुँच भएको सार्वजनिक प्लेटफर्म हो । जहाँ प्रकाशित हुने सामग्री स्वतः असङ्ख्य व्यक्तिहरूले पढ्न, हेर्न र प्रतिक्रिया जनाउन सक्ने अवस्था रहन्छ । यस्तो माध्यममा म उजुरीकर्ताप्रति लक्षित, अपमानजनक, घृणाजन्य र असत्य सामग्री जानाजानी सार्वजनिक रूपले प्रकाशन गर्नु स्वयंमा नै सार्वजनिक नैतिकता र शिष्टाचार विरुद्धको कार्य हो । उक्त पोस्टमा प्रयोग गरिएका शब्द र वाक्यांशले म उजुरीकर्ताको इमान, निष्ठा र प्रतिष्ठा माथि प्रहार गरी सार्वजनिक र व्यक्तिगत मर्यादामाथि प्रश्न उठाउने आपराधिक मनसाय र नियतले गरिएको प्रष्ट छ । निजहरुको यस आपराधिक कार्यले नेपाली समाजमा विद्यमान सार्वजनिक शान्ति शिष्टाचार र नैतिकताको प्रत्यक्ष उल्लङ्घन गरेको प्रमाणित हुन्छ ।

**ङ)** म उजुरीकर्तको नाम र तस्वीर भ्रामक रुपमा समावेश गरी गरिएको उक्त पोस्टले अपराध हुनका लागि आवश्यक गैरकानूनीरुपमा "प्रकाशन" र "प्रसारण" सम्बन्धी कानूनी पूर्वशर्तहरू पनि पूर्ण रूपमा पूरा गरेको छ । निज कसूरदारहरूले मेरो मञ्जुरी बेगर मेरो तस्वीर समेत प्रयोग गरी तोडमरोड गरी गैरकानूनी बेहोरा लेखी वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा १६ विरुद्धको अपराध समेत गरेका छन् । सो दुई पोस्टले म उजुरीकर्ताको सामाजिक र सार्वजनिक रूपमा चरित्रहत्या गर्दै व्यक्तिगत गरिमा ह्रास ल्याउने र मेरो सामाजिक प्रतिष्ठामाथि नकारात्मक प्रभाव पार्दै म विरुद्ध घृणा र द्वेष फैलाउने नियतका साथ आपराधिक कार्य गरेको छ । यस्तो कार्यले विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४७ अन्तर्गतको आपराधिक तत्वलाई समेत पूरा गर्दछ ।

**च)** अतः फेसबुकमा Ardhapagal साथै Silung HD (नेपाल) नाम भएका फेसबुक पेज मार्फत गैरकानूनी रुपमा गरिएको सार्वजनिक पोस्टिङ, प्रकाशित शब्द, प्रयोग गरिएका तुच्छ अभिव्यक्ति, उजुरीकर्ताको नाम र तस्वीरको अनधिकृत प्रयोग र त्यसबाट उत्पन्न सार्वजनिक शान्ति, नैतिकता र शिष्टाचारविरुद्धको प्रभाव, निवेदकका विरुद्ध फैलाइएको घृणा र द्वेष तथा मलाई भएको सार्वजनिक एवम् सामाजिक हानि, हैरानी र अपमान यी सबै तत्वहरूको संयोजनले निजहरुले मेरा विरुद्ध साइबर अपराध गरेको स्पष्ट रूपमा पुष्टि हुन जान्छ । तसर्थ, उल्लिखित दुई फेसबुक पेज सञ्चालन गर्ने व्यक्तिहरू पहिचान गरी म विरुद्धको गैरकानूनी सामग्री सिर्जना, प्रकाशन, प्रसारण, सम्प्रेषण लगायतका गैरकानूनी कार्य गरी सार्वजनिक शान्ति, नैतिकता एवम् म विरुद्ध घृणा र द्वेष फैलाउने व्यक्तिहरूलाई यथाशीघ्र पक्राउ गरी अनुसन्धान गरी विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ४७ समेत बमोजिम हदैसम्मको सजाय गरी पाऊँ ।

६. <u>संलग्न कागजातहरू:</u>

क) उजुरीकर्ताको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि.......................................................१

ख) उल्लिखित Silung HD (नेपाल) फेसबुक पेजको फेसबुक पोस्टको स्क्रिनसट.......................१

ग) उल्लिखित Ardhapagal फेसबुक पेजको फेसबुक पोस्टको स्क्रिनसट..............................१


७. <u>उजुरीकर्ताको विवरण</u>

नामथरः रंजित कर्ण | दस्तखतः

जन्म मितिः २०३०।०३।१५ | नागरिकता नं.: ७६०८५१६८

ठेगानाः हाल नयाँ बानेश्वर, काठमाडौं | निवेदकको सम्पर्क नं.: ९८५११४३५६

# संलग्न कागजात (क)




प्रथम प्रतिलिपि

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय सप्तरी

नेपाली नागरिकताको प्रमाणपत्र

ना.प्र.न. ७६०८५१६८

नाम थर: रंजित कर्ण — लिङ्ग: पुरुष
जन्म स्थान: जिल्ला: सप्तरी
गा.वि.स.: हनुमाननगर — वडा नं.: ८
स्थायी बासस्थान: जिल्ला: सप्तरी
न.पा.: राजविराज — वडा नं.: ४
जन्म मिति: साल: २०३० महिना: ०३ गते: १५
बाबुको नाम थर: वैधनाथ लाल कर्ण — ना.प्र.नं.
ठेगाना: राजविराज न.पा.-४, सप्तरी — ना. कि.
आमाको नाम थर: XXX — ना.प्र.नं.
ठेगाना: — ना. कि.
पति/पत्नीको नामथर: XXX — ना.प्र.नं.
ठेगाना: — ना. कि.



Government of Nepal has issued this Citizenship Certificate with following details

Citizenship Certificate No.: 76085168
Full Name: RANJEET KARN — Sex: Male
Date of Birth (AD): Year: 1973 — Month: JUN — Day: 29
Birth Place: District: Saptari
VDC: Hanumannagar — Ward No.: 8
Permanent Address: District: Saptari
Municipality: Rajbiraj — Ward No.: 4

नेपाल नागरिकता ऐन २०६३ बमोजिम यो नागरिकताको प्रमाणपत्र दिइएको छ।
नागरिकता किसिम: वंशज
प्रमाण पत्र बाहकको दस्तखत:
(दायाँ) औंठाको छाप (बायाँ)

मिति: २०७६-०७-१४
प्रतिलिपि दिने अधिकारीको
नाम: आनन्द कुमार ठाकुर
दर्जा: प्रशासकीय अधिकृत
दस्तखत:

प्रमाण पत्र जारी गर्ने अधिकारीको
दस्तखत:
नाम थर: रमेश कुमार श्रेष्ठ
दर्जा: प्रशासकीय अधिकृत
जारी मिति: २०४९-०७-१७

यो प्रमाणपत्र कसैले फेला पार्नुभएमा नजिकको जिल्ला प्रशासन कार्यालयमा वा प्रहरी कार्यालयमा बुझाइदिनुहोला।

# <u>संलग्न कागजात (ख)</u>

**Silung HD**
18h ·

सरकारले विद्यार्थी संगठन हटाउने भनेपछि रञ्जति कर्णले भने 'ख'बरदार बालेन जी म तपाईँको बालुवाटारमा आ'गो लगाइदिन्छु भने'

#silunghd #NewsUpdate #PoliticalNews




811 391 40

## संलग्न कागजात (ग)

**Ardhapagal**

10h ·

सरकारले विद्यार्थी संगठन हटाउने भनेपछि रञ्जति कर्णले भने 'ख'बरदार बालेन जी म तपाईँको बालुवाटारमा आ'गो लगाइदिन्छु भने'

#NewsUpdate #PoliticalNews




437 288 36